/

# नवराजपुर गाँउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## नवराजपुर सिरहा

### पोखरी ठेक्का सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।

**चौथौ प्रटक प्रकाशित मिति:२०८१।०६।२९**

स्थानीय सरकार संचालन ऐन २०७४ तथा नवराजपुर गाउँकार्यपालिकाको निर्णय अनुसार यस गाउँपालिकाको क्षेत्रधिकार भित्र पर्ने देहाय बमोजिमको सार्वजनिक पोखरीहरुमा माछा उत्पादन गरी बिक्री गर्ने प्रयोजनको लागि आ.व.२०८१/०८२ देखि आ.व. ०८३/०८४ सम्मका लागि ठेक्का बन्दोवस्त गर्नु पर्न भएकोले इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुबाट रितपूर्वकको शिलवन्दी दरभाउपत्र आह्रान गरिन्छ ।विस्तृत विवरण तथा शर्तहरु यस पालिकाको website तथा सूचनापाटीमा प्रकाशित गरिएको व्यहोरा जानकारी गराइन्छ ।

| सि.नं. | ठेक्का शिर्षक | पोखरीहरुकोनाम | ठेगाना (हाल) | टोल/ | किता न | ठेक्का अवधि | ठेक्का न्यूतम अंक | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८१-०८२ | बिल्ट पोखरी | नवराजपुर ०१- | गेरुवाहा | ३२ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| २ | २/०८१-०८२ | बैध पोखरी | नवराजपुर ०१- | गेरुवाहा | २८९ | तीन वर्ष | २,९०,०००।०० | १००० |
| ३ | ३/०८१-०८२ | पुरनो पोखरी क | नवराजपुर ०१- | गेरुवाहा | ४४३ | तीन वर्ष | १,३०,०००।०० | १००० |
| ४ | ४/०८१-०८२ | पुरनो पोखरी ख | नवराजपुर ०१- | गेरुवाहा | ४४३ | तीन वर्ष | १,३०,०००।०० | १००० |
| ५ | ५/०८१-०८२ | कासी पोखरी | नवराजपुर ०१- | गेरुवाहा | ६०६ | तीन वर्ष | ६०,०००।०० | १००० |
| ६ | ६/०८१-०८२ | बभना पोखरी | नवराजपुर ०१- | गेरुवाहा | ४६३ | तीन वर्ष | ४०,०००।०० | १००० |
| ७ | ७/०८१-०८२ | राम बिहारी पोखरी | नवराजपुर ०१- | भगवतीपुर | ३७९ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ८ | ८/०८१-०८२ | I.D.S पोखरी ६ वटा | नवराजपुर ०१- | तामासुईया | ६११ | तीन वर्ष | ३,९०,०००।०० | १००० |
| ९ | ९/०८१-०८२ | मुस्लिम टोला पोखरी | नवराजपुर ०१- | तामासुईया | ६०८ (गाँउ) | तीन वर्ष | १,९०,०००।०० | १००० |
| १० | १०/०८१-०८२ | धनिक पोखरी | नवराजपुर ०१- | तामासुईया | ७६ | तीन वर्ष | ५०,०००।०० | १००० |
| ११ | ११/०८१-०८२ | अमिन पोखरी | नवराजपुर ०१- | तामासुईया | २ (गाँउ) | तीन वर्ष | ४०,०००।०० | १००० |
| १२ | १२/०८१-०८२ | महराजी पोखरी | नवराजपुर ०१- | बचही | ५२७ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| १३ | १३/०८१-०८२ | ओजिर पोखरी | नवराजपुर ०१- | तामासुईया | ११४ (गाँउ) | तीन वर्ष | ७०,०००।०० | १००० |
| १४ | १४/०८१-०८२ | रामेश्वर पोखरी | नवराजपुर ०१- | तामासुईया | ७२ | तीन वर्ष | ६०,०००।०० | १००० |
| १५ | १५/०८१-०८२ | सुर्य नारायण यादव पोखरी | नवराजपुर ०१- | करमनियाँ | १३४ | तीन वर्ष | ३०,०००।०० | १००० |
| १६ | १६/०८१-०८२ | बडही पोखरी (डबरा) | नवराजपुर ०१- | करमनियाँ | २१७ | तीन वर्ष | ३५,०००।०० | १००० |
| १७ | १७/०८१-०८२ | धनिकलाल यादव पोखरी | नवराजपुर ०१- | करमनियाँ | २५६ | तीन वर्ष | ५०,०००।०० | १००० |
| १८ | १८/०८१-०८२ | चौधरी पोखरी | नवराजपुर०२- | मझौरा | १६९ | तीन वर्ष | १,२५,०००।०० | १००० |
| १९ | १९/०८१-०८२ | करिवाला पोखरी | नवराजपुर०३- | फुलवरीया | १८८ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| २० | २०/०८१-०८२ | बलुवाहा पोखरी | नवराजपुर०३- | फुलवरीया | १०१ | तीन वर्ष | ३०,०००।०० | १००० |
| २१ | २१/०८१-०८२ | पुर्नि पोखरी | नवराजपुर०३- | फुलवरीया | ३०२ | तीन वर्ष | ४०,०००।०० | १००० |
| २२ | २२/०८१-०८२ | कुमही वाला पोखरी | नवराजपुर०३- | फुलवरीया | २९७ (गाउ) | तीन वर्ष | ५०,०००।०० | १००० |
| २३ | २३/०८१-०८२ | योगी मास्टर वाला पोखरी | नवराजपुर०३- | फुलवरीया | २९७ (गाउ) | तीन वर्ष | १,४०,०००।०० | १००० |

नवराजपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिरहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | २४/०८१-०८२ | फुलवारी पोखरी | नवराजपुर०३- | फुलवरीया | २६१ | तीन वर्ष | ३,०५,०००।०० | १००० |
| २५ | २५/०८१-०८२ | मुसहरी बाला पोखरी | नवराजपुर०३- | फुलवरीया | १८६ | तीन वर्ष | २,१५,०००।०० | १००० |
| २६ | २६/०८१-०८२ | महराजी पोखरी | नवराजपुर०३- | जगतपुर | २७८ | तीन वर्ष | ९५,०००।०० | १००० |
| २७ | २७/०८१-०८२ | एक लाल यादव पोखरी | नवराजपुर०३- | जगतपुर | २९३ (गाँउ) | तीन वर्ष | ४०,०००।०० | १००० |
| २८ | २८/०८१-०८२ | अनुप यादव पोखरी | नवराजपुर०३- | जगतपुर | ३७८ (गाँउ) | तीन वर्ष | ४०,०००।०० | १००० |
| २९ | २९/०८१-०८२ | कललवा पोखरी | नवराजपुर०३- | जगतपुर | २३३ | तीन वर्ष | ५०,०००।०० | १००० |
| ३० | ३०/०८१-०८२ | भगवानपुर वाला पोखरी | नवराजपुर०३- | मझौरा | १३८ | तीन वर्ष | ६०,०००।०० | १००० |
| ३१ | ३१/०८१-०८२ | पंची पोखरी | नवराजपुर०४- | नवराजपुर | १२६ (गाँउ) | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ३२ | ३२/०८१-०८२ | पुरानो पोखरी | नवराजपुर०४- | नवराजपुर | २८० | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ३३ | ३३/०८१-०८२ | राजलाल पोखरी | नवराजपुर०४- | नवराजपुर | २५९ | तीन वर्ष | १,१०,०००।०० | १००० |
| ३४ | ३४/०८१-०८२ | महराजी पोखरी | नवराजपुर०४- | नवराजपुर | २५० | तीन वर्ष | ३५,०००।०० | १००० |
| ३५ | ३५/०८१-०८२ | खुशीलाल यादवको पोखरी | नवराजपुर०४- | नवराजपुर | २१३ | तीन वर्ष | २०,०००।०० | १००० |
| ३६ | ३६/०८१-०८२ | खुशीलाल यादवको पोखरी भन्दा दक्षिणको पोखरी | नवराजपुर०४- | नवराजपुर | १९६ | तीन वर्ष | २०,०००।०० | १००० |
| ३७ | ३७/०८१-०८२ | चवहचा पोखरी | नवराजपुर०४- | नवराजपुर | ३८(गाँउ) | तीन वर्ष | १०,०००।०० | १००० |
| ३८ | ३८/०८१-०८२ | जे. टी. ए पोखरी | नवराजपुर०४- | नहरनियाँ | १९१ | तीन वर्ष | २०,०००।०० | १००० |
| ३९ | ३९/०८१-०८२ | राम सागर यादवको पोखरी | नवराजपुर०४- | लवटोली | १० | तीन वर्ष | २०,०००।०० | १००० |
| ४० | ४०/०८१-०८२ | थाना नजिकको पोखरी | नवराजपुर०४- | लवटोली | १९३ | तीन वर्ष | २०,०००।०० | १००० |
| ४१ | ४१/०८१-०८२ | जागेश्वर यादवको पोखरी | नवराजपुर०४- | लवटोली | २८० | तीन वर्ष | १,१०,०००।०० | १००० |
| ४२ | ४२/०८१-०८२ | सरकारी पोखरी १ | नवराजपुर०५- | देवनगर | २६५ | तीन वर्ष | १,९०,०००।०० | १००० |
| ४३ | ४३/०८१-०८२ | सरकारी पोखरी २ | नवराजपुर०५- | देवनगर | २६२ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४४ | ४४/०८१-०८२ | थान बाला पोखरी | नवराजपुर०५- | देवनगर | १४५ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४५ | ४५/०८१-०८२ | भन्टी बला पोखरी | नवराजपुर०५- | देवनगर | ६६ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४६ | ४६/०८१-०८२ | बालकिशुन पोखरी | नवराजपुर०५- | देवनगर | ११७ (गाँउ) | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४७ | ४७/०८१-०८२ | अधिकारी पोखरी | नवराजपुर०५- | देवनगर | ११७ (गाँउ) | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४८ | ४८/०८१-०८२ | गंगाईके पोखरी | नवराजपुर०५- | देवनगर | ११७ (गाँउ) | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ४९ | ४९/०८१-०८२ | लवका पोखरी | नवराजपुर०५- | देवनगर | २६७ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ५० | ५०/०८१-०८२ | अयोधी पोखरी | नवराजपुर०५- | देवनगर | ५९ (गाँउ) | तीन वर्ष | ९०,०००।०० | १००० |
| ५१ | ५१/०८१-०८२ | हरही पोखरी | नवराजपुर०५- | देवनगर | ३१२ | तीन वर्ष | १,४०,०००।०० | १००० |
| ५२ | ५२/०८१-०८२ | धनिक पोखरी | नवराजपुर०५- | मेन्हा | ३५७ (गाँउ) | तीन वर्ष | ९०,०००।०० | १००० |
| ५३ | ५३/०८१-०८२ | विदेशी पोखरी | नवराजपुर०५- | झाँझपट्टी | ७५४ (गाँउ) | तीन वर्ष | ९०,०००।०० | १००० |
| ५४ | ५४/०८१-०८२ | कृति पोखरी | नवराजपुर०५- | सुन्दरपुर | ३८८ | तीन वर्ष | १०,०००।०० | १००० |
| ५५ | ५५/०८१-०८२ | नयाँ पोखरी | नवराजपुर०५- | कुर्सण्डी | ३८० | तीन वर्ष | २,४०,०००।०० | १००० |
| ५६ | ५६/०८१-०८२ | साहुजी पोखरी | नवराजपुर०५- | कुर्सण्डी | ५५७ (गाँउ) | तीन वर्ष | ६५,०००।०० | १००० |

**शर्तहरु:**

१. दरभाउपत्र खरिद गर्न इच्छुक व्यक्तिले लिखित निवेदन पत्रसाथ आपनो नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा फर्म वा कम्पनीले फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ नविकरण भएको इजाजतपत्र ,मूल्य अभिवृद्धि कर स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र र कर चुक्त प्रमाण पत्रको प्रतिलिपि संलग्न गरी यो प्रकाशित भएको मितिले १५ (पन्ध्र) औ दिन अर्थात् २०८१/०७/१३ गते सम्म कार्यालय समयभित्र उल्लेखित

नवराजपुर गाउँ कार्यपालिकाको कार्यालय नवराजपुर, सिराहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

दरभाउपत्र फारम दस्तुर ( पछि फिर्ता नहुने गरी) तिरी यस कार्यालयको प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएको सबै विवरणहरु प्रष्टसँग अध्ययन गरी सम्बन्धित व्यक्तिले सहीछाप सहित शिलबन्दी गरी खाम बाहिर ठेक्काको नाम र प्रेष्कको नाम र ठेगाना प्रष्ट सँग लेखी १६ (सोह्रौं) दिन अर्थात २०८१/०७/१४ गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २:०० बजेपछि गाँउ कार्यपालिकाको कार्यालय, नवराजपुरमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिन्छ । उक्त समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थित नभएमा समेत रितपूर्वकको दरभाउपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

३. दरभाउपत्र फारम खरिद दता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारमभर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५ .दरभाउपत्र साथ आफुले कवोल गरेको अंक रकमको ५%ले हुनेधरौटी रकम एन. एमवी बैंक नवराजपुर स्थित रहेको यस कार्यालयको च.नं.हि.१११००८५०९९४००२५५ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाउमा जारी गरिएको वोलकवोल जमानी पत्र १२०कम्तिमा ) सक्कल प्रति संलग्न राख्नुपर्नेछ । धरौटी रकम दरभाउपत्र साथ नगद खामी आए ( दिन म्याद भएकोमा यस कार्यालय जिम्मेवार हुनेछैन, साथैत्यस्तो दरभाउपत्रहरु अमान्य हुनेछ ।

६. प्रत्येक पोखरीको छुट्टाछुट्टै दरभाउपत्र दाखिला गर्नु पर्नेछ । एक व्यक्ति वा संस्थाको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को व्यक्ति वा संस्थाको नामबाट दाखिला गर्न पाइनेछैन । दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन। साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपरकुनै कारवाही हुनेछैन |

७. नेपाल सरकार र नवराजपुर गाउँपालिका कार्यालयबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ । सो पालनाको कारणबाट क्षति वा घाटा भएको भनी क्षतिपूर्ति वा मिनाहा, छुट केही पनि प्राप्त हुनेछैन |

८. ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयकोलेखा शाखा मोबाइल नं. ९८५२८४९४९३ वा प्रशासन शाखा मा कार्यालय समय भित्रसम्पर्क राख्न सकिनेछ ।

९. गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा गाउँपालिकाको पेश्की बाँकी वा नगद जिन्सी बुझाउन बाँकी रहेको तथा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नु पूर्व फछयौट गर्नुपर्नेछ, अन्यथा व्यक्तिले ठेक्का लिन पाउने छैन र त्यस्तो व्यक्तिसँग सम्झौता गर्न कार्यालय बाध्य हुने छैन । कुनै कारणवश त्यस्ता व्यक्तिको ठेक्का स्वीकृत भए पनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का वदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

१०. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र एकमुष्ठ रकम जम्मा गर्नेलाई १०% छुट दिईनेछ तर किस्तामा वुझाउदा छुट दिइनेछैन । ठेक्काको हकमा ठेक्का सम्झौता गर्दा किस्ता वापतको रकम बुझाउदा प्रथम किस्ता २५% चलान पुर्जी लिनु ७ (सात) दिन भित्र वुझाउनु पर्नेछ | दोस्रो किस्ता ३५% आ.व. ०८२/०८३ साउन मसान्त भित्र तेस्रो किस्ता ४०% आ.व. ०८३/०८४ साउन मसान्त भित्र भुक्तानी गर्नु पर्नेछ । धरौटी वापतको रकम ठेकेदारले भुक्तान गर्नु पर्ने अन्तिम किस्तामा मात्र समायोजन गरिनेछ । उक्त समय भित्र तोकिएको किस्ता नबुझाए ठेक्का वदर गरी पोखरीमा रहेको माछा धरौटी जफत गरी कार्यालयले पुनः अर्को ठेक्का बन्दोवस्त गर्नेछ |

११. किस्तावन्दी भुक्तानीको हकमा हरेक किस्ता रकम बुझाएको सोही दिन वा सोको भोली पल्ट चलान पुर्जी दिईनेछ । किस्ता रकम म्यादभित्र नबुझाएमा नवराजपुर गाउँपालिकालाई ०.०१ प्रतिशत प्रतिदिन, सो किस्तामा बुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१२. यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । ठेकेदारले सम्झौताको शर्त नियम र प्रचलित ठेक्का सम्झौता ऐन नियम तथा गाउँपालिकाको प्रत्यक्ष नीति निर्देशनमा रही संचालन गर्नुपर्नेछ | गा.पा. वा सार्वजनिक हित विपरित कुनै पनि कार्य गर्न गराउन ठेकेदारलेपाउने छैन ।

१३. पोखरीमा माछा उत्पादन बाहेक अन्य उत्पादन गर्न पाइनेछैन । सम्झौता विपरित कार्य गरेमा जनसुकै वखत गाउँपाललिका कार्यालयले एक तर्फी सम्झौता भंग गरी वैकल्पिक व्यवस्था गर्न सक्नेछ । पोखरीको सरसफाई सम्बन्धी लाग्ने

नवराजपुर गाउँ... गाउँ कार्यपालिकाको नवराजपुर, सिरहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

सम्पूर्ण खर्च स्वयम् ठेकेदारले व्यहोर्नु पर्नेछ । ठेक्का अवधिमा पोखरीको प्राकृतिक सौन्दर्य बिग्रिने गरी डिल आदि बिगार्न भत्काउन पाइने छैन ।

१४. गाउँपालिकाको लिखित निर्णय बाहेक पोखरीको संरचनामा हेरफेर हुने कुनै काम गर्न पाईनेछैन । पोखरीको पानी भू-भाग र डिलको संरक्षण गर्नेजिम्मेवारी ठेकेदारको हुनेछ । पोखरीको संरचना आफूखुसी बिगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतिपूर्ति ठेक्का लिने व्यक्ति बाट गाउँपालिकाले असुल उपर गरी कानूनी कारवाही गरिनेछ ।

१५. ठेक्का पोखरी आसपास रहेको जग्गामा नगदे वाली / वीउ विजनमा सिचाईको लागि माग भएमा ठेक्का पोखरीको पानीबाट सिचाईमा प्राथमिकता दिनुपर्नेछ ।

१६. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार आफैले गर्नु पर्नेछ । ठेक्का बन्दोबस्त भइसकेपछी कुनै किसिमको दैवि प्रकोप आदिबाट भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी स्वयम् ठेकेदार नै हुनुपर्ने र सो को कवोल गरेको रकममा मिन्हा हुनेछैन ।

१७. काबु बाहिरको विषम परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधार मानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ ।

१८. गाउँपालिकाको कारणबाट कुनै वा सम्पूर्ण अवधिको लागि ठेक्का रद्द गर्नु परेमा सोको पूर्व जानकारी दिइनेछ साथै उक्त अवधिको क्षतिपूर्तिको लागि गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । पोखरीको ठेक्का सम्वन्धी अन्य व्यवस्था गाउँपालिकाको निर्णय बमोजिम हुनेछ | प्राप्त दरभाउपत्रहरु कुनै पनि कारण जनाई वा सम्पूर्ण वा आंशिक रुपमा पोखरीको ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकर यस कार्यालयमा सुरक्षित रहनेछ |

१९. ठेकेदारले पोखरी ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ । ठेकेदार तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता पाईएमा गाउँपालिकाकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner